कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

# दरभाउपत्र (शिलबन्दी) आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७९/१०/०८**

कालिका नगरपालिकाको खनीजन्य तथा खनिज पदार्थ (ढुंगा,गिट्टी,वालुवा,ग्राभेल,रोडा,माटो) पदार्थ उत्खनन/संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि-२०७७ को दफा ३ बमोजिम अमानतबाट नदिजन्य पदार्थ उत्खनन, सङ्कलन र विक्रिवितरण गर्ने कार्यको लागि थांङ-बुंङ खोला बगर क्षेत्रबाट नदिजन्य पदार्थ सङ्कलन गरी नगरपालिका बाट तोकिएका अधिकतम ६ कि.मि. सम्मको क्षेत्र भित्रका स्थानहरुमा घाटगद्दी गर्ने कार्यको यस नगर कार्यपालिकाको कार्याललाई ढुवानी सेवा (ठेक्का बन्दोबस्त) आवश्यक भएको हुँदा सार्बजनिक खरिद नियमावली २०६३ ऐन को दफा-४१ को उपदफा १ को खण्ड (घ३) बमोजिम ठेक्का बन्दोबस्त गर्न नगर कार्यपालिकाको मिति २०७९/१०/०७ गतेको निर्णय समेतका आधारमा यो सूचना प्रकाशित गरिएको छ।

अधिकतम खर्चको सिमा भित्र यस नगरपालिकाबाट तोकिएको दररेट र तोकिएको शर्तहरुको अधिनमा रही ढुवानी सम्वन्धी ठेक्का लिन इच्छुक **(मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम "घ" वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र वा ढुवानी व्यवसायी प्रमाणपत्र)** भएका फर्म/ कम्पनीबाट तोकिएको समयभित्र दरभाउपत्र (शिलबन्दी) यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। थप जानकारीको लागि यस कार्यालयको वेवसाईट www.kalikanagarpalika.gov.np मा हेर्न वा कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

## ढुवानी ठेक्का सम्बन्धी विवरण

| ठेक्का नं. | थांङ खोला र बुंङ खोला अन्तर्गतका खण्ड तथा स्थानहरु | अनुमानित नदिजन्य पदार्थको परिमाण (घ.मि.) | धरौटी रकम | दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरि ) | कैफियत |
|---|---|---|---|---|---|
| 01/EW/079/80 | १)जुटपानी, धनबहादुर टोल (थांङ खोला) कालिका ०७ क्षेत्र र नगरबाट तोकिएका क्षेत्रहरु<br>२) बुंङ खोला गैरी बारी बगर क्षेत्रबाट र नगरबाट तोकिएका क्षेत्रहरु | ९,००० | रु. १ लाख | रु. ३०००.०० | उल्लेखित नदिजन्य पदार्थको परिमाण थपघट हुन सक्नेछ। दरखास्त बुझाउने अन्तिम मितिः २०७९-१०-१५ |

प्रमुख प्रशासकीय अधिकृत
केशवप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

# दरभाउपत्र (शिलबन्दी) सम्बन्धी शर्तहरु

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको आठौ दिन (२०७९-१०-१५) सम्म दरभाउपत्र खरिद यस कार्यालयको खोलेसिमलमा स्थित Global IME बैङ्कमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी आठौ दिनको १२ बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ, आठौ दिन सम्म प्राप्त दरभाउपत्रहरु सोही दिन २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

२. दरभाउपत्र फारम पेश गर्दा **स्व-घोषणा** सहित **मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम घ वर्गको निर्माण व्यवसाय सम्वन्धि ईजाजतपत्र, वा ढुवानी व्यवसायी प्रमाणपत्र संलग्न राखी फारम खरिद गरेको भौचरको फोटोकपी/स्क्यान प्रति** पेश गर्नु पर्नेछ।

३. निर्माण व्यवसायी/ढुवानी व्यवसायी सँग कम्तिमा २ थान Tipper (ढुवानी को लागी) र १ थान Front Wheel Loader (Loading को लागी) आफ्नै फर्मको नाममा भएको वा फर्मसँग सम्झौता भएको प्रमाण हुन पर्नेछ।

४. ढुवानी तथा लोडिङ्ग कार्यको लागि प्रयोग सवारी साधनहरू दर्ता नविकरण तथा तेस्रो पक्षम बीमा भएको हुनु पर्नेछ। साथै उक्त साधन चलाउने चालकहरुको सम्वन्धित साधन चलाउने अनुमति पत्र नविकरण भएको हुनु पर्नेछ ।

५. दरभाउपत्र फारम भरी पेश गर्दा धरौटी रकम यस कार्यालयको खोलेसिमलमा स्थित Global IME बैङ्कमा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त क वर्गको बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैङ्क दरभाउपत्र जमानतपत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

**<u>बैंक खाता सम्बन्धी जानाकारी</u>**

बैकको नाम:- Global IME बैंक, खोलेसिमल शाखा

कार्यालयको नाम:- कालिका नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोड:-

कार्यालयको खाता नं. ११३०४०१०००००१३ ( फारम दस्तुरको लागि)

११३०४०१००००००४ (धरौटी रकमको लागि )

६. यस पूर्व यस कार्यालयलाई तिर्नु पर्ने कुनै पनि दायित्व बाँकी रहेको निर्माण व्यवसायीबाट पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन तर दरभाउपत्र पेश गर्नुभन्दा पहिले फर्फारक गरेमा दरभाउपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन ।

केशवप्रसाद उपाध्याय

७. ठेक्का पेश गर्नु पूर्व नदिजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रहरुको स्थलगत अनुगमन गर्न ईच्छुक फर्मका प्रतिनिधिहरुलाई कार्यालयको तर्फबाट मिति २०७९/१०/१२ गते दिउसो १:०० बजे को समय उपलब्ध गराईएको छ। यो सुचनामा उल्लेखित नदिजन्य पदार्थको परिमाण नगरपालिकाको आदेशानुसार थपघट हुन सक्ने छ। नदिजन्य पदार्थ उठाउदा हुने घटना, दुर्घटना, बिभिन्न परिस्थिति, आर्थिक तथा भौतिक क्षतिपूर्ति समेत फर्म/कम्पनि स्वयमको हुनेछ । उत्खनन गरिने स्थलको स्थलगत अनुगमन गरि यथार्थ बस्तुस्थिति तथा जोखिम मुल्यांकन गरि दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

८. नदिजन्य पदार्थ उठाई तोकिएको स्थानसम्म घाटगद्दी गर्दाको बाटो थप मर्मत गर्नु पर्ने भएमा सम्बन्धित फर्म/कम्पनीले नै गर्नु पर्नेछ। यसको लागि आवश्यक ग्रावेल सोही क्षेत्रबाट प्रयोग गर्न सकिनेछ ।

९. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

१०. दरभाउपत्रदाताले दैनिक कम्तिमा २५० घ. मि. उत्खनन गरीएको नदि जन्य पदार्थलाई नगरपालिकाले तोकियको तपशिलको स्थानमा घाटगद्दी गर्नु पर्नेछ । कम्तिमा ४५०० घ. मि. घाटगद्दी भएपश्चात मात्र प्रथम किस्ता भुक्तानी उपलब्ध गराईनेछ र तत्पश्चातको भुक्तानी सोही अनुपातमा उपलब्ध गराईनेछ । तोकिएको परिमाणमा उत्खनन गरी तोकिएकै स्थानमा घाटगद्दी गर्न नसकेमा जुनसुकै समयमा ठेक्का सम्झौता गद्द गर्न सकिनेछ ।

**तपशील**

| सि.नं. | उत्खनन गर्ने स्थान | घाटगद्दी गर्नु पर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | बुंङ खोला गैरिवारी बगर क्षेत्र | गैरिबारी चोक | उत्खनन र घाटगद्दी स्थान परिवर्तन हुन सक्ने |
| २ | बुंङ खोला गैरिवारी बगर क्षेत्र | ८ नं. वडा कार्यालय | |
| ३ | बुंङ खोला गैरिवारी बगर क्षेत्र | वार्ड कार्यालय सम्म नं ९ | |
| ४ | थांङ खोला बगर क्षेत्र (जुटपानी धन बहादुर टोल) | ४ नं कलेज खाली जग्गा सम्म | |

११. पेश भएका दरभाउपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने वा यस सम्बन्धी खरिद कारवाही पूर्व वा आंशिक रुपमा परिमार्जन वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१३. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।

१४. उत्खनन् स्थलबाट पदार्थ ओसार पसार गर्दा विहान ८ बजे देखि साँझ ६ बजे सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

१५. पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

१६. ओसार पसार गर्ने बाटोहरूमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**केशवप्रसाद उपाध्याय**
प्रमुख प्रशासकीय अधिकृत